फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

मिति : २०७८/०२/०५

फलेवास नगर कार्यपालिकाको चौथो वार्षिक उत्सवको सन्दर्भमा

## हार्दिक शुभकामना !

आदरणीय फलेवासवासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु ।

नगरवासीले निर्वाचन मार्फत जनप्रतिनिधि चयन भई स्थानीय सरकार सञ्चालन गरेको फलेवास नगरपालिकामा आज ४ वर्ष पुरा भएको अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

फलेवास नगरपालिका ग्रामिण क्षेत्रको न्युन पूर्वाधार (विकास), यातायातको कठिनाई, जोखिमपूर्णयुक्त काठेपोलमा विद्युतीकरण, कठिन भौगोलिक अवस्था, वितरणमुखी विकास, कृषि क्षेत्रको न्यून उत्पादन र उत्पादकत्व, उपचारका लागि अस्पताल नहुनु, शैक्षिक गुणस्तर र भौतिक संरचनाको अभाव, केन्द्रिय वजेटको पहुँच नहुनु, वेरोजगारको संख्या अधिक हुनु, अस्तव्यस्त सामाजिक संरचना, नैतिक शिक्षाको अभावका विचमा स्थापना भएको फलेवास नगरपालिकाको पूर्वाधार विना आकाशमुनिवाट कार्यसञ्चालन शुरु भएको यहाँहरुलाई अवगत नै छ । फलेवास नगर सभा र नगर कार्यपालिकाले फलेवासका सम्भावना र फलेवासीको समस्यालाई केन्द्रित गरी दिर्घकालिन सोचका साथ सुन्दर फलेवास र समृद्ध फलेवासीको परिकल्पनालाई साकार पार्ने खालको संस्थागत संरचना र विकास अभियानलाई अगाडी वढाएको छ ।

फलेवास नगरपालिकामा शुरु वर्षवाट नै मोटर वाटोको मापदण्ड तयार गरी वाहिरी चक्रपथ, भित्र चक्रपथ, केन्द्र चक्रपथ, लिङ्करोड, शाखा, प्रशाखा गरी ३१२.५३ कि.मि. मोटरवाटोले नगरका सवै वस्तीमा सडक सञ्जाल पुगेको छ, । साना तथा मझौला सिंचाईले २१६० रोपनी सिंचित भएको छ, एक घर एक धारा मार्फत खानेपानी ४३ प्रतिशत र सुरक्षित खानेपानीको सुविधा ८७ प्रतिशत घरधुरीमा पुगेको छ, विद्यालय भवन, सामुदायिक भवन, काठका पोल विस्तापित गरी फलामे पोलको प्रवन्ध, सिपमुलक तालिम र उद्यम विकास मार्फत स्वरोजगार, एक वार्ड एक कृषि तथा पशु फर्म, विरुवा हाम्रो फल तपाईंको, टनेल हाम्रो उत्पादन तपाईंको, एक वार्ड एक महिला उद्योग, ३०० रोपनीमा वृहत कृषि फार्म, एक वार्ड एक घरेलु औजार उद्योग, आरनको सुधार (१०९ वटा), वाँझो जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहन, उत्पादनमा आधारित प्रोत्साहन अनुदानले नगरवासीको आर्थिक विकासमा सहयोग पुगेको छ ।

पूर्ण साक्षर नगर घोषणा, पूर्ण खोपयुक्त नगर घोषणा, शिक्षाको गुणस्तर सुधारका लागी प्रविधिमैत्री पठनपाठन र विद्यालयको भौतिक सुधार, पुस्तकालय, विज्ञान प्रयोगशाला, वाल शिक्षण सिकाई, सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन, अभिभावकको चाहाना अनुसार अंग्रेजी माध्यमवाट पठनपाठन, वृहत स्वास्थ्य शिविर, जेष्ठ नागरिक तथा अपांगता परिचय पत्र वितरण, अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता, वडा तहवाट राजश्व संकलनले नगरवासीलाई सहजता प्रदान गरेको छ । मनमोहन शान्तिवाटिका निर्माण, डहरे क्षेत्रमा ओपन जू, खुममा मगर होमस्टे, पदमार्ग निर्माण, मठमन्दिर निर्माण तथा संरक्षण, चौतारी पोखरी निर्माण र संरक्षणका काम निरन्तर भई रहेका छन । ४७ वटा ऐन कानुन पारित भई नगरवासीलाई स्थानीय सरकारको प्रत्याभुति दिईएको छ । नगर कार्यपालिकाको कार्यालय खानीगाउँको पिप्लेमा सार्वजनिक भवनमा संचालन गरिएको छ भने वडा नं. ५ खानीगाउँमा प्रमुख प्रशासकीय भवन निर्माणका लागि ६० रोपनी ८ आना नगरपालिकाको नाममा नि:शुल्क जग्गा प्राप्त भई भवन निर्माणका लागि टेण्डर आवह्नन भएको छ । ८ वटा वडा कार्यालय भवन निर्माणको चरणमा रहेका छन । नगरमा १५ शैयाको फलेवास नगर अस्पताल संचालनमा रहेको छ र अस्पताल भवन निर्माण प्रक्रिया अगाडी वढेको छ, ७ वटा स्वास्थ्य चौकी भवन, ६ वटा शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण भएको र थप स्वास्थ्य क्लिनिकको

**Phone no: 067-430102/430103/430104**
**Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com**

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

निर्माण कार्य अगाडी वढेकोले सहज स्वास्थ्य सेवामा नगरवासीको पहुँच वृद्धि हुँदै गएको छ । प्रेशण गर्नु पर्ने प्रशुतीलाई निशुल्क एम्बुलेन्स सेवा, जेष्ठ नागरिकलाई घरघरमा स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षाका लागि प्रविधिमैत्री शिक्षण, विद्यार्थी दिवा खाजा कार्यक्रम, विद्यार्थी सुविधाका लागि स्कुल वस, विपन्न रोजगार कार्य अगाडी वढाईएको छ । असंगठित मजदुर (सिकर्मी, डकर्मी, .....) हरुलाई भविष्यको सामाजिक सुरक्षाका लागि नागरिक पेन्सन कार्यक्रम कार्यान्वयन गरी ८०० विपन्न परिवारको भविश्य सुनिश्चित हुने वातावरण सृजना गरिएको छ । पहिलो र दोश्रो वर्ष पूर्वाधार विकास, तेश्रो वर्ष आयआर्जन, चौथो वर्ष नागरिकलाई सहज पहुँच सेवा पुग्ने गरी नगरको संस्थागत संरचना र रोजगार सृजना हुने गरि उद्यम विकास, क्लिन फलेवास ग्रिन फलेवास अभियान अन्तर्गत क्लिन हाउस ग्रिन हाउस, क्लिन टोल ग्रिन टोल, क्लिन स्कुल ग्रिन स्कुल, क्लिन वार्ड ग्रिन वार्ड अभियानले फलेवासको एकिकृत विकासलाई जोड दिई यहाँहरुले चाहानु भएको सुन्दर फलेवासको अपेक्षा पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

फलेवास नगरपालिकाको अगुवाईमा कालिगण्डकी जलाशययुक्त वहुउद्देश्यीय परियोजनाको सम्भाव्यता अध्ययन पुरा गरी विस्तृत अध्ययनको लागि संघीय सरकारले वजेट विनियोजन गरेको छ, कालीगण्डकी लोकमार्गको निर्माण कार्य भई रहेको छ । शुन्य कि.मि. कालोपत्रे रहेको यस नगरपालिकामा मुडिकुवा लमायखोला सम्म, कार्किनेटा चिसापानी र टंकी अर्माना खण्डको केहि अंश कालोपत्रे भएको छ । मल्यांदी खोला मुडिकुवा ढिक चन्दनी सडक, नौडाँडा कार्किनेटा, देविस्थान जैमुनी गलकोट सडक, लमाय चिर्दिखोला कुर्घा महाशिला सडक कालोपत्रेको कार्य शुरुवात भएको छ । चिर्दिखोला, मल्यांदी खोला, खाल्टेखोला, मोदीवेणीमा मोटरेवल पुल निर्माण सम्पन्न भएको छ भने जैमुनीघाट, चिर्दि लमायखोलामा मोटरेवल पुल निर्माणाधिन रहेका छन । कुर्घा देविस्थान, देविस्थान अर्जेवा, देविस्थान निरिङ्गे, सिरसुवा कैया, सिरसुवा कुस्मा, चन्दनी लिमिठानामा लामा अग्ला झोलुंगे पूलले आवतजावतमा सहजता ल्याएको छ भने अन्य आवश्यकताका स्थानहरुमा अग्ला पूलहरु सर्वे भई निर्माणको चरणमा रहेका छन । हिँउदमा मौषम अनुकुल हुँदा मात्र गाडी चल्ने अवस्थामा यस नगरपालिकामा सडक सुधार गरी वाह्रै महिना चल्न सक्ने अवस्था आएको छ । भुकम्प पछिको पुननिर्माण अन्तरगत वडा नं. ८ को अर्चलेमा एकिकृत वस्ती निर्माण सम्पन्न भएको छ भने ११९६ निजिआवास निर्माण भएका छन, सुरक्षित आवास तर्फ १३४ घर निर्माण हुने चरणमा रहेका छन, मौषमजन्य प्रकोपवाट क्षति पुगेका ४७ निजि आवास निर्माणका लागि प्रक्रिया अगाडी वढेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमले वेरोजगार युवालाई १०० दिनको रोजगार सृजना गरेको छ भने शहरी शासकीय तथा पूर्वाधार आयोजना शुरु भएको छ ।

महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचारका लागि नगरवासीले पालना गरेको लकडाउन, आचारसंहिता एवं एक आपसको सहयोगी भावना प्रति उच्च सम्मान व्यक्त गर्दछौं । महामारी एवं असहज परिस्थितीमा भौतिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न सवै नगरवासीमा हार्दिक अपिल गर्दछौं । नगरवासीको स्वास्थ्य सेवा र नगरको सर्वाङ्गीण विकासका लागि नगर कार्यपालिका सदैव यहाँहरुको साथमा रहेको प्रतिवद्धता व्यक्त गर्दछौं ।

अन्तमा फलेवास नगरपालिका नेपाल नगरपालिका संघवाट उत्कृष्ट नगरपालिकाको रुपमा पुरस्कृत भएको छ । नगरको समग्र विकासका लागि सहयोग पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार, सहकार्य गर्ने छिमेकी पालिका, राष्ट्रसेवक, राजनैतिक दल, नागरिक समाज, नीजिक्षेत्र, विकास साझेदार एंव गैरसकारी संस्था, वित्तिय संस्था लगायत सहकारी संस्था, नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै समृद्ध फलेवास, सुखी र खुसी फलेवासीका लागि यहाँको सहयोगको अपेक्षा गर्दछौं । धन्यवाद

**जय फलेवास जय फलेवासी**

पदमपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com